# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड८) जनकपुरधाम, नेपाल, पौष १९ गते, २०८१ साल (संख्या ८

भाग ३

## मधेश प्रदेश सरकार

## अर्थ मन्त्रालयको सूचना

## मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि,२०८१

**प्रस्तावनाः** स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रदेश वित्तीय हस्तानान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा

९ ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेशलाई सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालय सम्झनु पर्छ ।

(घ) "स्थानीय तह" भन्नाले मधेश प्रदेश भित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

(ङ) "सशर्त अनुदान" भन्नाले प्रदेश वित्तीय हस्तानान्तरण व्यवस्थापन ऐन, २०७५ को दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ ।

३. **सशर्त अनुदान प्रदान गरिने क्षेत्रः** प्रदेश सरकारले देहायका कुनै क्षेत्र, योजना तथा कार्यक्रमको लागि स्थानीय तहहरुलाई सशर्त अनुदान प्रदान गर्न सक्नेछः

(क) पूर्वाधार विकासका लागि सञ्चालन गरिने आयोजना तथा कार्यक्रम,

(ख) स्थानीय तहको शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक आयोजना तथा कार्यक्रम,

(ग) आधारभूत स्वास्थ्य सेवा सम्बन्धी आयोजना तथा कार्यक्रम,

(घ) स्थानीय तहको सन्तुलित विकासका लागि सञ्चालित आयोजना तथा कार्यक्रम,

(ङ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालित आयोजना तथा कार्यक्रम,

(च) रोजगारी सृजना हुने क्षेत्र,

(छ) फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम,

(ज) सुख्खाग्रस्त समस्याको सम्बोधन हुने आयोजना तथा कार्यक्रम,

(झ) सिँचाई प्रयोजनको लागि लिफ्ट इरिगेशन, सौर्य उर्जा, कृषि विद्युतीकरण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ञ) प्रदेश सरकारले आवश्यक ठानेका अन्य आयोजना तथा कार्यक्रम ।

४. **सशर्त अनुदान प्रदान नहुने क्षेत्रः** (१) दफा ३ मा जुनसुकै कुरा लेखेको भए तापनि देहायका प्रकृतिका आयोजना तथा कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराईने छैनः

(क) राजीनितक दल विशेषको खास उद्देश्य पूरा हुने राजनीतिक प्रकृतिका तथा धार्मिक उद्देश्य पूरा हुने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(ख) तलव, भत्ता, मसलन्द, मर्मत सम्भार, परामर्श सेवा लगायतका प्रशासनिक खर्च तथा ऋण भूक्तानीका आयोजना तथा कार्यक्रमहरु,

(ग) विभेदमा परेका वर्ग, क्षेत्र तथा समुदाय बाहेक सीमित वर्ग, व्यक्तिगत तथा पारिवारिक रुपमा मात्र फाइदा पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(घ) राष्ट्रिय एकता, धार्मिक, साँस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरु,

(ङ) घाटा बजेट पूर्ति गर्ने स्रोतको रुपमा उपयोग गर्ने,

(च) वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पर्ने खालको आयोजना तथा कार्यक्रमहरु,

(छ) अन्य अनुदान तथा स्रोतवाट संचालनमा रहेका आयोजनामा दोहोरो पर्ने खालका आयोजना तथा कार्यक्रमहरु,

(ज) विगतमा अन्य स्रोतबाट सञ्चालन भई सम्पन्न आयोजनाको भुक्तानी बाँकी रकम व्यहोर्ने ।

(२) यस कार्यविधि बमोजिम कूल लागत रु. पच्चिस लाखभन्दा कम भएको आयोजना तथा कार्यक्रमहरुको लागि सशर्त अनुदान प्रदान गरिने छैन ।

५. **प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नु पर्नेः-** (१) मन्त्रालयले आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न बैशाख महिनाको पहिलो हप्तामा कम्तिमा पन्ध्र दिनको म्याद दिई स्थानीय तहहरुबाट प्रस्ताव आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव आव्हानको सूचना मन्त्रालयको वेबसाईटमा प्रकाशन गर्नु पर्नेछ र यस्तो सूचना आवश्यक्ता अनुसार अन्य सञ्चार माध्यमबाट समेत प्रकाशन गर्न सकिनेछ ।

६. **आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नेः-** (१) स्थानीय तहले आयोजना तथा कार्यक्रमहरु पहिचान गरी प्रस्ताव पेश गर्दा देहायका विषयहरु अनिवार्य रुपमा खुलाउनु पर्नेछः-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र दर विश्लेषण सहितको विस्तृत लागत अनुमान,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा मधेश प्रदेश सरकारले तोकेका विषयहरु ।

(२) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहको आफ्नै स्रोत, समानीकरण अनुदान तथा विशेष अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरु र विगतमा सम्पन्न भएका अन्य आयोजना तथा कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

(३) स्थानीय तहले अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन सहित आयोजना तथा कार्यक्रमको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

७. **आयोजना तथा कार्यक्रम छनौटः-** (१) मन्त्रालयले यस कार्यविधि बमोजिम सशर्त अनुदानबाट स्थानीय तहमा संचालन गरिने आयोजना तथा कार्यक्रमको छनौट गर्दा ऐनको दफा ५ को उपदफा (१) बमोजिम आवश्यकता र औचित्यको साथै आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट लाभान्वित सम्भाव्य जनसंख्या, सम्बन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत आवश्यकता र सेवा, सुविधा परिपूर्ति गर्ने, गरिबी न्यूनीकरण गर्न सहयोग पुग्ने, रोजगारी सृजनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने तथा सन्तुलित विकासलाई टेवा पुग्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आयोजना तथा कार्यक्रम छनौटका लागि देहाय बमोजिमको आयोजना तथा कार्यक्रम छनौट समिति रहनेछः

(क) मन्त्री, अर्थ मन्त्रालय —संयोजक

(ख) उपाध्यक्ष वा सदस्य, प्रदेश नीति तथा योजना आयोग
— सदस्य

(ग) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
— सदस्य

(घ) प्रदेश सचिव, अर्थ मन्त्रालय —सदस्य

(ङ) संयोजकले तोकेको सम्बन्धित विषय विज्ञ एक जना
— सदस्य

(च) उपसचिव, बजेट योजना तथा कार्यक्रम महाशाखा
— सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले आफ्नो कार्य सम्पादनको क्रममा आवश्यक ठानेमा थप विज्ञहरु आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठकको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(५) उपदफा (२) बमोजिमको समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्णय हुन नसकेमा समितिको बहुमत सदस्यबाट निर्णय हुनेछ ।

(७) उपदफा (२) बमोजिमको समितिको बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(८) उपदफा (२) बमोजिमको समितिको अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) स्थानीय तहको मागको आधारमा बजेटको उपलब्धता हेरी मन्त्रालयले थप आयोजना तथा कार्यक्रम छनौट तथा स्वीकृत गरी थप बजेट उपलब्ध गराउन गर्न बाधा पर्ने छैन।

८. **बार्षिक बजेटमा समावेश गर्नु पर्नेः** यस कार्यविधि बमोजिम स्थानीय तहमा सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमलाई मधेश प्रदेश र सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गर्नु पर्नेछ ।

९. **आयोजना कार्यान्वयनः** (१) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिनु पर्नेछ ।

(२) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाका साथै सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा भएका व्यवस्थाको पालना गर्नु पर्नेछ।

(३) सशर्त अनुदानमा सञ्चालन गरिने परियोजनाहरुमा कन्टिन्जेन्सी वापत लागतको एक प्रतिशत भन्दा बढी राख्न पाइने छैन ।

(४) यस कार्यविधि बमोजिम आयोजना कार्यान्वयनको लागि जग्गा प्राप्त गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम जग्गाको स्वामित्व प्राप्त गर्ने जिम्मेवारी आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ ।

(५) आयोजना कार्यान्वयन गर्दा अपनाउनु पर्ने खरिद विधि खरिदसम्बन्धी प्रचलित कानुनको परिधिभित्र रही मन्त्रालयले तोके बमोजिम हुनेछ । यस उपदफा बमोजिम मन्त्रालयले कुनै

खरिद विधि नतोकेकोमा प्रचलित कानून बमोजिमको खरिद विधि अपनाउनु पर्नेछ ।

१०. **अनुदान रकम निकासा गर्ने विधिः** (१) स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय वा मातहत इकाई कार्यालयले सशर्त अनुदानको रकम सम्बन्धित स्थानीय तहलाई दुई किस्तामा निकासा दिनेछ ।

(२) स्थानीय तहले पहिलो किस्ता वापतको रकम निकासा माग गर्दा स्थानीय तहको सभाबाट आयोजना तथा कार्यक्रम स्वीकृत भएको प्रमाणित विवरण र खरिद योजना सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालय समक्ष माग गर्नु पर्नेछ ।

(३) स्थानीय तहले दोस्रो किस्ता वापतको रकम निकासा माग गर्दा सम्बन्धित आयोजना तथा कार्यक्रमको कम्तिमा पचास प्रतिशत भौतिक र वित्तीय प्रगति विवरण सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालय समक्ष निकासा माग गर्नु पर्नेछ ।

(४) स्थानीय तहबाट उपदफा (२) र (३) बमोजिमको प्रक्रिया पूरा गरि अनुदान रकम निकासाको लागि माग भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयले उपदफा (१) बमोजिम निकासा दिनेछ ।

११. **अनुदान रकम खर्च गर्नेः** (१) स्थानीय तहले सशर्त अनुदान वापत प्राप्त रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछः

(क) सशर्त अनुदान रकम जुन आयोजना तथा कार्यक्रमको लागि प्रदान भएको हो सोही आयोजना तथा कार्यक्रममा खर्च गर्नु पर्नेछ,

(ख) सशर्त अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित कानूनमा भएका व्यवस्थाहरुको पूर्ण पालना गरी मित्तव्ययी र पारदर्शी तवरले गर्नु पर्नेछ,

(ग) सशर्त अनुदान वापत प्राप्त रकम अन्य खर्च शीर्षकहरुमा रकमान्तर गरिने छैन,

(घ) सशर्त अनुदान वापत प्राप्त रकमबाट सञ्चालित आयोजना तथा कार्यक्रम सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्नु पर्नेछ ।

(२) कुनै मनासिव कारणले अनुदान रकम चालु आर्थिक वर्ष भित्र खर्च हुन नसकेमा खर्च हुन बाँकी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । यसरी जम्मा भएको विवरणको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले सशर्त अनुदानबाट प्राप्त रकम खर्च गरे पछि समयमै प्रगति विवरण तयार गरी आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ । लेखापरीक्षणबाट देखिएका बेरुजु फछ्र्यौट गराउने तथा कैफियत सुधार गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

**१२. <u>आयोजनाको समयावधि थप नहुने</u>:** सशर्त अनुदानबाट संचालित आयोजना तोकिएको आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहन

गएमा सशर्त अनुदानबाट भुक्तानी हुने गरी आयोजना सम्पन्न गर्ने म्याद थप गर्न पाइने छैन । यस विपरित म्याद थप भएमा वा भुक्तानी बाँकी रहेमा अर्को आर्थिक वर्षमा पुनः सोही आयोजनामा बजेट विनियोजन गरिने छैन ।

१३. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) सशर्त अनुदानबाट संचालन हुने आयोजना तथा कार्यक्रमहरु लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको अनुगमन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

(२) सशर्त अनुदानबाट स्थानीय तहले संचालन गरेका आयोजना तथा कार्यक्रमहरु प्रभावकारी, उपलव्धिमूलक र पारदर्शी किसिमले सोही आर्थिक वर्षभित्र सम्पन्न भए नभएको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्न देहायको अनुगमन समित रहनेछ।

(क) आयोजना कार्यान्वयन हुने क्षेत्रबाट प्रदेश सभामा प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -अध्यक्ष

(ख) आयोजना कार्यान्वयन हुने क्षेत्रबाट प्रतिनिधित्व गर्ने अन्य प्रदेश सभा सदस्य सबै — सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष — सदस्य

(घ) प्रदेश नीति तथा योजना आयोगले तोकेका आयोजनाको विषय क्षेत्रसँग सम्बन्धित अधिकृत स्तरको प्रतिनिधि (एकजना) — सदस्य

(ङ) सम्बद्ध स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत —सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन कार्य गर्दा कुनै खर्च आवश्यक पर्ने भएमा त्यस्तो खर्च सम्बन्धित परियोजनाको कन्टिन्जेन्सी खर्चबाट खर्च गर्न सकिनेछ ।

१४. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) स्थानीय तहले आफ्नो क्षेत्रमा सशर्त अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरुको दफा १३ को उपदफा (१) बमोजिम गरिएको अनुगमन प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(२) दफा १३ को उपदफा (२) बमोजिमको अनुगमन समितिले अनुगमन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. **सशर्त अनुदान रोक्का वा कट्टा हुन सक्ने:** (१) स्थानीय तहले राजस्व बाँडफाँट गरी प्रदेश सरकारलाई बुझाउनु पर्ने कुनै राजस्व बाँकी राखेको पाइएमा यस कार्यविधि बमोजिमको अनुदान रोक्का राख्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान रोक्का भई मन्त्रालय वा मातहत कार्यालयले माग गरेको विवरण तोकिएको अवधिभित्र पेश भएमा र सो विवरण सन्तोषजनक रहेको पाइएमा वा व्यहोरा मनासिब रही मन्त्रालयले उपयुक्त ठानेमा उपदफा (१) बमोजिम रोक्का भएको रकम फुकुवा गर्न सकिनेछ ।

(३) सशर्त अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम

सञ्चालन नभएको पाईएमा मन्त्रालयले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने समानीकरण अनुदान रकमबाट कट्टा गर्न सक्ने छ ।

१६. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम नै हुनेछ ।

१७. **विशेष व्यवस्था:** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालु आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम अन्तर सरकारी वित्तीय हस्तान्तरण (स्थानीय तह) अन्तरगत सशर्त अनुदान तर्फ विनियोजित बजेट रु. १,२२,०५,००,०००।– बाट सुख्खाग्रस्त समस्याको सम्बोधन हुने आयोजना (डिप वोरिङ/कृषि विद्युतीकरण आदि) कार्यान्वयनको लागि देहाय बमोजिम गर्न बाधा पर्ने छैन:

(क) मन्त्रालयबाट आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्न,

(ख) स्थानीय तहको सभा/कार्यपालिकाको निर्णयले आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न,

(ग) दफा ७ बमोजिमको समितिबाट आयोजना तथा कार्यक्रम छनौट गर्न,

(घ) खण्ड (ग) बमोजिम समितिले छनौट गरेको आयोजना तथा कार्यक्रम मन्त्रालयले स्वीकृत गर्न,

(ङ) यस दफा बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन, निकासा र खर्च गर्न,

(२) उपदफा (१) बमोजिमको बजेट बाहेक स्थानीय तहको मागको आधारमा मन्त्रालयले बजेटको उपलब्धता हेरी दफा ३ को बमोजिमका क्षेत्रमा थप आयोजना तथा कार्यक्रम स्वीकृत गरी थप बजेट उपलब्ध गराउन सकिनेछ ।

**१८. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै कठिनाई वा बाधा अडकाउ आएमा मन्त्रालयले प्रचलित कानूनको अधिनमा रही आवश्यक निर्णय गरी त्यस्ता कठिनाई वा बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१९. खारेजी र बचाउः** (१) प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

(२) प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

## (कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## सर्शत अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम

१. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

२. जिल्लाः

३ वडा नं./टोलको नामः

४. फोन, फ्याक्स र इमेलः

५. कार्यक्रम वा आयोजनाको नामः

६. कार्यक्रम वा आयोजनाको छोटकरी विवरणः

७. कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समयः

८. कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्याः

९. कार्यक्रम र आयोजनाको कूल लागत रुः ............(अंकमा)..................(अक्षरेपी)

१०. योजना तथा कार्यक्रम छनौट गरेको मितिः

११. दफा ६ को उपदफा (१) मा उल्लिखित विषयहरुः

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र दर विश्लेषण सहितको लागत अनुमान,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरणहरु

संलग्न कागजातहरुः

१. ..............................

२. ...............................

**पेश गर्ने**

कार्यालयको छापः

दस्तखतः.............

नाम, थरः ...........

पदःप्रमुख प्रशासकीय अधिकृत

मितिः..................